# कैलारी गाउँपालिकाको
# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७६

स्वीकृत मिति :२०७६/०४/०३

## कैलारीगाउँपालिकाको

## लैङ्गिक समानता न्याय तथा सामाजिक समावेशीकरण नीति २०७६

### १. भुमिका

नेपालको सन्दर्भमा सामाजिक वञ्चितीकरणले सामाजिक विकास क्रमसँगै वर्षौंदेखि जातजाति, जनजाति, लिङ्ग, अपाङ्गता, उमेर तथा धर्मका आधारमा विभेद गरिएका कारण पछाडी परेका वा पारिएका समुहहरूको अवस्थालाई चित्रण गर्दछ । सामाजिक वञ्चितीकरणमा परेका समुहहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, बालबालिकाहरू, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिक रूपले दर्गम क्षेत्रमा बसेका जनतालाई लिइएको छ । .

स्थानीय स्तरमा रहेका सार्वजनिक औपचारिक संस्थामा एवम् समुदाय तथा घर-परिवार जस्ता सामाजिक अनौपचारिक संस्थाहरूमा वञ्चितीकरण स्पष्ट रूपमा विद्यमान रहेको देखिन्छ । त्यसै गरी लैङ्गिक सम्बन्धहरूसबै सामाजिक समुहहरूमा विभेदका भिन्न-भिन्न परिमाणमा विद्यमान रहेका छन् । सबै महिलाहरूले विभेद भोगिरहेका छन् तर वञ्चित समुदायका महिलाहरूले अझ धेरै प्रकारका विभेद भोगिरहेका छन् .

कैलारीगाउँपालिका पनि एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवम् बहुसाँस्कृतिक युक्त गाउँहो । प्रत्येक समुदाय, जातजातिहरुको समानुपातिक, सन्तुलित र न्यायसँगत प्रगति हुन सके मात्रै गाउँमा दिगो शान्ति र उन्नति प्रत्याभूत हुन्छ भन्ने मान्यतामा गाउँपालिका पूर्ण विश्वस्त छ । .

गाउँमा विद्यमान लैङ्गिक, जातीय असमानता, विभेदयुक्त व्यवहार र मान्यता, महिला हिंसा, महिला शोषण तथा उत्पीडन, गरिवी, आदि जस्ता विसंगतिहरुलाई निरुत्साहित गर्न, नेपाल सरकारद्धारा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा लैगिक समानता र सामाजिक समावेशीकरणको पक्षमा अभिव्यक्त विभिन्न प्रतिवद्धताहरुलाई कार्यान्वयन गर्ने प्रयासलाई निरन्तरता दिदै स्थानीय सरकार, गैर सरकारी क्षेत्र, निजी क्षेत्र तथा नागरिक समाज र दातृ निकाय समेतको सहयोग परिचालन गरी उल्लेख्य कार्यहरु भएका छन् ।

नेपालको संविधान, २०७२ मा राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिअन्तर्गत सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति उल्लेख गरेको छ । जहाँ महिला, दलित, आदिवासी जनजाति, मधेशी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय, पिछडिएका क्षेत्रलगायतका समस्याहरूलाई सम्बोधन गर्न समावेशी र लोकतान्त्रिक व्यवस्था अवलम्बन गरिनेछ । साथै राज्य संरचनाका सबै अङ्गहरूमा मधेशी, दलित, आदिवासी जनजाति, महिला, मजदुर, किसान अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीका आधारमा सहभागी गराउने व्यवस्था गरिएको छ ।.

नेपालको संविधान २०७५ अनुसार राज्यको संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने (धारा ५६) र राज्यशक्तिको बाँडफाँट तीनवटै तहमा रहने व्यवस्था गरेको छ । संविधानको अनुसुचीमै स्थानीय तहलाई एकल र साझा अधिकारहरु प्रष्ट रुपमाले उल्लेख गरिदिएको छ । आफ्नो अधिकार क्षेत्रभित्र रही नीति, कानुन तर्जुमा र कार्यान्वयन गर्ने अधिकार पनि स्थानीय तहलाई दिएको छ ।

संविधान र कानुनकायी विविध तथ्यहरुलाई मध्यनजर राखी गाउँपालिकाले महिला, बालबालिका, पछाडि परेको वर्गहरुलाई विकासको मूल प्रवाहमा ल्याई समावेशी विकास गर्न प्रयास गरिरहेको छ । अतः कैलारीगाउँ क्षेत्रभित्र संचालन हुने कार्यक्रम/आयोजनाहरुको लागि मार्गदर्शन हुने गरी यस गाउँपालिकाले मुख्य लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति बनाउने उद्देश्य राखी .... औं गाउँ सभाले यो नीति जारी गरेको छ । यस

नीतिका प्रमुख उपयोगकर्ताहरू गाउँ भित्र रहेका सबै सरकारी, गैरसरकारी निकाय र दातृ निकायको सहयोगमा संचालन भएका कार्यक्रम र समुदायस्तरका संस्थाहरू हुनेछन् ।

## २. दीर्घकालीन सोंच(Vision)

गाउँमा जातीय र लैंगिक भेदभाव मुक्त समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने ।

## ४. लक्ष्य (Goal)

लैंगिक तथा सामाजिक समतामूलक विकासको माध्यमबाट लैङ्गिक तथा सामाजिक सम्वन्धमा सुधार ल्याई गरिबी न्युनीकरण गर्ने ।

## ४. उद्देश्य

४.१. कैलारीगाउँपालिका भित्र रहेका सम्पूर्ण सार्वजनिक संस्थागत संरचनाहरुलाई लैंङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील हुन अभिप्रेरित गर्ने ।

४.२. संस्थागत एवम् कार्यक्रमगत रूपमा समावेश गर्ने गरी लैङ्गिक तथा सामाजिक समावेशी उत्तरदायी वजेट अवधारणालाई गाउँपालिकाको कार्यक्रम/आयोजनहरुबाट सुनिश्चित एवं प्रभावकारी रूपमा लागू गर्ने ।

४.३. महिला, बालबालिका, गरिब तथा वञ्चित समूहका मानिसहरूको आवश्यकता र चाहनाप्रति अझ बढी संवेदनशील, उत्तरदायी, जबाफदेही हुन सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने ।

४.४. गाउँपालिकाको वार्षिक/आवधिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील, उत्तरदायी, जफावदेही बन्न मार्गनिर्देश गर्ने ।

४.५. नागरिकहरु विशेष गरी महिला, बालबालिका, गरिब तथा वञ्चितीकरणमा परेका समूहका मानिसहरूको क्षमता विकास गरी यी वर्गहरुको गाउँको विकास प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गरी समावेशी विकास प्रक्रियालाई संस्थागत गर्ने ।

यो नीति र रणनीतिको कार्यान्वयनले लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई गाउँपालिकाको कार्यक्रममा दिगो रूपमा मूलप्रवाहीकरण गर्न मद्दत गर्नेछ ।

## ५. प्रमुख नीतिहरु

कैलारीगाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७६ को प्रमुख नीतिहरु देहाय अनुसार रहेको छ ।

५.१. मौलिक हकमा उल्लेखित नागरिकका हकहरुलाई गाउँवासीहरुको पहुँचमा पुऱ्याउनेगरी कार्यान्वयन गरिनेछ ।

५.२. पछाडि परेका वर्ग, समुदाय र क्षेत्रका नागरिकको विकासका लागि कार्यक्रमहरुलाई कार्यान्वयन गरी समानुपातिक विकास गरिनेछ ।

५.३. विकासलाई सामाजिक समावेशीकरण र लैंङ्गिकिकरण गरिदै लगिनेछ ।

५.४. महिला, बालबालिका, दलित, आदिवासी जनजाति, उत्पीडित, विपन्न वर्ग तथा अपाङ्गता भएका नागरिकको समानुपातिक सहभागितातर्फ कार्य गरिनेछ ।

५.५. महिला, बालबालिका, दलित, आदिबासी जनजाति, मुस्लिम, विपन्न तथा पिछडिएको वर्गहरुको सशक्तीकरण गर्दै लगिनेछ ।

५.६. महिला, बालबालिका, आदिबासी जनजाति, मानव अधिकारलगायतका क्षेत्रमा नेपालले अनुमोदन गरेका संयुक्त राष्ट्रसंघ तथा अन्तर्राष्ट्रिय घोषणालाई स्थानीयकरण गर्न सोका प्रावधानहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

५.७. लैङ्गिकतामा आधारित हिंसा, भेदभाव र बहिष्करणको अन्त्य गर्ने नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

५.८. सबै नागरिकको अर्थपूर्ण सहभागितामा यस गाउँपालिकाको समावेशी विकास गर्ने नीति अख्तियार गरिनेछ ।

५.९. वालमैत्री स्थानीय शासन अबलम्बन गरिनेछ ।

५.१०. आदिवासी जनजाती, .दलित समुदाय पिछडावर्गका भाषा तथा संस्कृतिको संरक्षण एवं सम्वर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।

## ६. रणनीति

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण एकांगी रूपमा हुन सक्तैन । यसका लागि विकेन्द्रित शासन प्रणाली, कुशल सेवा प्रवाह र संस्थागत संयन्त्रको आवश्यकता पर्दछ । विकेन्द्रीकरण, सहभागितात्मक विकास र सामाजिक वहसकै प्रक्रियाबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरूलाई सम्बोधन गर्न सकिन्छ । यस रणनीतिमा गाउँपालिकाको कार्यक्रमको समग्र संरचना र कार्यक्रमले सुधार गर्न चाहेको क्षेत्र भित्र पर्ने कार्यप्रणालीलाई अरु बढी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री बनाउन आवश्यक व्यवस्था गरेको छ ।

गाउँपालिकाको शासन प्रकृयामा लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिहरु निम्न बमोजिम हुनेछन्

६.१. स्थानीय शासन प्रक्रियामा सबै सामाजिक समूहका नागरिकहरूको अधिकाधिक सहभागिता सुनिश्चित गर्न संस्थागत संयन्त्र, प्रतिनिधित्व प्रणाली र कार्यक्षेत्रगत शर्त निर्धारण गर्ने ।

६.२. गाउँ क्षेत्रमा विद्यमान लैङ्गिक तथा सामाजिक विभेद कम गर्न सामुदायिक सचेतना र सशक्तीकरणको निमित्त सामुदायिक संस्थाहरु (भलमन्सा, टोल विकास संस्था, महिला, बञ्चितीकरणमा परेका वर्गहरुको समुह, पारा लिगल, फेडरेसन, बाल क्लब र गिाउँनी समुह आदि) को परिचालन गरी लैङ्गिक तथा सामाजिक भेदभाव न्यूनीकरण गर्ने ।

६.३. बञ्चितीकरणमा परेका वर्गहरुको क्षमता अभिवृद्धि गरी गाउँपालिकामा समावेशी विकास पक्रियालाई स संस्थागत गर्ने ।

६.४. लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) का लागि संस्थागत तथा व्यक्तिगत दुबैथरी क्षमता विकासका क्षेत्र पहिचान गरी कार्यान्वयन गर्ने ।

६.५. गाउँपालिकाको सेवा प्रवाह संयन्त्र तथा प्रक्रिया लैंगिक तथा सामाजिक समावेशी मैत्री हुने गरी सुधार गर्ने ।

६.६. स्थानीय शासनसँग सम्बन्धित विभिन्न नीतिहरूको लैससासको दृष्टिकोणबाट पुनरावलोकन तथा विकासमा जोड दिने ।

६.७. गाउँपालिकाका लागि उपयुक्त सहयोग प्रदान गर्न केन्द्रीय सरकार, प्रदेश सरकारसँग नियमित वहश पैरवी र समन्वय गर्ने ।

## ७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन व्यवस्था

### क. कानुनी व्यवस्था

कैलारीगाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयनका लागि देहायका विषयमा कानुनी व्यवस्था गरिनेछ ।

१. कैलारीगाउँपालिकाको विषयगत समिति कार्यसञ्चालन कार्यविधि

२. टोल विकास समिति परिचालन कार्यविधि

४. उपभोक्ता समिति परिचालन कार्यविधि

४. गाउँ स्तरीय महिला/अपाङ्ग सञ्जाल परिचालन कार्यविधि

५. वालमैत्री स्थानीय शासन अवलम्बन फ्रेमवर्क (ढाँचा)

### ख. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयनका लागि संस्थागत संरचना, प्रतिनिधित्व प्रणाली र कार्यक्षेत्रगत शर्त

गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न र स्थानीय शासन प्रक्रियामा सबै सामाजिक समूहका नागरिकहरूको अधिकाधिक सहभागिता सुनिश्चित गर्न देहाय बमोजिमका संस्थागत संयन्त्र, प्रतिनिधित्व प्रणाली र कार्यक्षेत्रगत शर्त निर्धारण गरिनेछ ।

**क. वस्ती/टोल स्तर**

| संस्थागत संयन्त्र | प्रतिनिधित्व | कार्यक्षेत्र |
|---|---|---|
| टोल विकास समिति | प्रत्येक वडामा टोल-टोलका सबै घर-परिवारहरूलाई समेट्ने गरी टोल तहको सामुदायिक संस्था गठन गरिनेछ । टोल विकास संस्था विद्यमान भएको टोलमा सोलाई नै सुदृढ गर्दै लगिनेछ र नभएको टोलमा नयाँ गठन गरिनेछ ।<br>टोल विकास संस्थाको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एक पदमा महिलाको सहभागिता हुनेछ ।<br>अन्य व्यवस्था टोल विकास संस्था परिचालन | गाउँको योजना तर्जुमा, कार्यान्वय, अनुगमन, लाभको बाँडफाँटमा संस्थागत सहभागिता |

| | | |
|---|---|---|
| | कार्यविधिले निर्धारण गरिनेछ । | |
| वाल क्लब गठन ( विद्यालय स्तरमा) | माध्यमिक विद्यालयमा विद्यालय स्तरीय वाल क्लब गठन गरिनेछ । वाल क्लब गठन र परिचालन सम्बन्धी व्यवस्था वालमत्री स्थानीय शासन अवलम्बन ढाँचा (फ्रेमवर्क) ले तोके बमोजिम हुनेछ । | वालवालिकाको सर्वाङ्गिण विकासको लागि वाल क्लवको परिचालन, वालवालिकाको सर्वाङ्गिण विकासको लागि नीति निर्माण र कार्यक्रम तर्जुमामा वडा मार्फत आवाज उठाउने । |

## ख. वडास्तर

| संस्थागत संयन्त्र | प्रतिनिधित्व | कार्यक्षेत्र |
|---|---|---|
| टोल विकास वडा सञ्जाल | वडाभित्र रहेका सबै टोल विकास समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षहरु सम्मिलित समिति | वडाभित्रका सबै टोल विकास समितिहरुको सञ्जालको रुपमा नीति निर्माण, समस्या पहिचान र समाधानमा भुमिका खेल्ने |
| वडा वाल सञ्जाल | वडाभित्र रहेका विद्यालहरुमा रहेको बालक्लवमा आवद्ध वालवालिकाहरुको प्रतिनिधिमुलक रुपमा वडा स्तरमा वडा वाल सञ्जाल रहनेछ । | वडाभित्र रहेका वालक्लवहरुको क्षमता अभिबृद्धि गर्ने, रचनात्मक कृयाकलापहरु संचालन गर्ने, नीति निर्माणमा पहश पैरवी गर्ने |
| वडा महिला सञ्जाल | वस्तीस्तरमा रहेका महिला सामुदायिक संस्था, समुहहरुको प्रतिनिधित्वमुलक सञ्जालको रुपमा वडा महिला सञ्जाल रहनेछ । | वडाभित्रका महिला सामुदायिक संस्था/समुहहरुको क्षमता अभिबृद्धि गर्ने, नीति तथा कार्यक्रममा |

## ग. पालिका स्तर

| संस्थागत संयन्त्र | प्रतिनिधित्व | कार्यक्षेत्र |
|---|---|---|
| गाउँस्तरीय सामाजिक न्याय तथा सामाजिक समावेशीकरण निर्देशक समिति | संयोजकः गाउँपालिका अध्यक्ष<br>उपप्रमुखः सदस्य<br>सामाजिक विकास समिति संयोजकः सदस्य<br>विभिन्न गाउँपालिका स्तरीय सञ्जालका संयोजकहरु : सदस्य<br>गाउँभित्रका सुरक्षा निकायका प्रमुखः सदस्य<br>प्रमुख प्रशासकीय अधिकृतः सदस्य सचिव | गाउँभित्र सामाजिक न्याय कायम गर्न र विकास प्रकृयामा लैङ्गिक समानता तथा सामाजिक समावेशीताको सुनिश्चित गर्न आवश्यक स्थानीय कानुन निर्माण, कार्यक्रम तर्जुमा, कार्यान्वयनको अनुगमन, नियमन, निर्देशन तथा समन्वय सम्बन्धि सम्पूर्ण कार्य निर्देशक समितिले गर्नेछ । |
| सामाजिक विकास समिति | गाउँकार्यपालिकाको कुनै सदस्यको संयोजकत्वमा गाउँसभाका सदस्यहरु मध्येबाट निर्वाचित सदस्यहरुः सदस्य<br>सामाजिक विकास शाखा प्रमुखः सदस्य सचिव | सामाजिक न्याय, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कानुन तथा कार्यक्रम तर्जुमा, कार्यान्वयनको अनुगमन, समन्वय |
| गाउँ टोल विकास सञ्जाल | गाउँको टोल/वस्तीहरुमा गठन भएका टोल विकास समितिहरु | नागरिकको आवाज र समस्यालाई योजना तर्जुमा प्रकृयामा, नीति निर्माणमा |

| | | |
|---|---|---|
| | | र कार्यान्वयनमा सहयोग गर्ने र वहश पैरवी गर्ने |
| गाउँ वाल सञ्जाल | गाउँभित्र रहेका वालक्लबहरुको प्रतिनिधिहरु रहेको गाउँ वाल सञ्जाल रहनेछ । | गाउँभित्रका वाल अधिकार, वाल संरक्षण, वाल अधिकार र समग्र वाल अधिकारका क्षेत्रमा पैरवी गर्ने, वालवालिकाको संर्वाङ्गिण विकासमा सञ्जालले सहयोग पुऱ्याउनु । |
| गाउँ महिला सञ्जाल | गाउँ भित्र रहेका महिलाहरुको विभिन्न समुह/सामुदायिक संस्थाबाट प्रतिनिधिहरुको सहभागितामा गाउँ महिला सञ्जाल रहनेछ । | महिलाहरुको समग्र विकासमा गाउँपालिकालाई नीति निर्माणमा, लक्षित कार्यक्रम तथा योजना तर्जुमा र कार्यान्वयनमा सहयोग र समन्वय गर्ने, वहश र पैरवी गर्ने । |
| गाउँ फरक क्षमता भएका व्यक्तिहरु ( अपाङ्ग) समिति | गाउँ भित्र रहेका सबै प्रकारका फरक क्षमता भएका नागरिकहरुको भेलाले तोकिए बमोजिम समिति गठन गरिनेछ । | गाउँमा रहेका फरक क्षमता भएका नागरिकहरुको आवाज बुलन्द गर्ने, नीति निर्माणमा वहश पैरवी गर्ने र लक्षित कार्यक्रम तर्जुमा तथा कार्यान्व्यनमा सहयोग र समन्वय गर्ने । |

*******